# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी
२०७३

पत्र संख्याः- २०८०/८१ गण्डकी प्रदेश, नेपाल

च.नं :- मितिः २०८०/०८/२४

**विषयः- कृषि कार्यक्रम सञ्चालनका लागि आवेदन पेश गर्ने सम्वन्धि सूचना !!!**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/८/२४**

आ.व. २०८०/८१ रघुगंगा गाउँपालिका संघीय शसर्त अनुदान मार्फत हस्तान्तरित देहाय बमोजिमका कार्यक्रममा सहभागी हुन इच्छुक कृषक/कृषि फर्म/ कृषक समूह/कृषि सहकारीले यो सूचना प्रकाशित भएको मितिले २१ औ दिन भित्र तोकिएको ढाँचामा निवेदन र कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यस कार्यलयमा पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशण गरिएको छ। म्याद भित्र नपरेका तथा रितपूर्वक पेश नभएका निवेदन उपर कुनै कारबाही नहुने ब्यहोरासमेत जानकारी गराईन्छ।

तपसिल

| क्र.स | संचालन हुने पकेटको विवरण | संचालन हुने क्रियाकलाप | मापदण्ड | अनुदान | कैफितय |
|---|---|---|---|---|---|
| १ | फलफूल प्रवर्द्धन कार्यक्रम | व्यवसायिक फलफूल बगैंचा क्षेत्र विस्तारका लागि आवश्यक पर्ने सम्पूर्ण क्रियाकलाप तथा फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम | फलफुल खेति विस्तारका लागि कम्तिमा २ रोपनी क्षेत्रफलमा नयाँ बगैंचा स्थापना गर्नुपर्ने | बढीमा ५० प्रतिशत | प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८० बमोजिम संचालन गरिने |
| २ | आ.व.२०७९/०८० मा स्थापना भएको आलु बाली पकेट विकास कार्यक्रम (निरन्तरता (पुरानो) | क्षमता विकास, प्राविधिक सहयोग, उत्पादन सामग्री सहयोग, कृषि औजार उपकरण सहयोग, साना सिचाई निर्माण तथा मर्मत सम्भार सहयोग, | न्यूनतम ५ हेक्टर (१०० रोपनी) | | परियोजना कार्यान्वयन म्यानुअल अनुसार संचालन गरिने |

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः-

१. सम्बन्धित कार्यक्रमको तोकिएको ढाँचामा निवेदन र कार्यकम संचालन प्रस्तावना १ प्रति ।
२. कृषि फर्म, कृषक समूह, कृषि सहकारी, कृषि कम्पनीको हकमा नियमानुसार दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि (नविकरण गरेको हुनुपर्ने), स्थायी लेखा नम्बरको प्रमाण पत्रको प्रतिलिपि, कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि, कार्यसमितिको निर्णयको प्रतिलिपि ।
३. कार्यक्रम संचालन हुने जग्गाको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र ।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र, पुरानो पकेटक्षेत्र निरन्तरताको हकमा सम्बन्धित वडा कार्यालयको अनुगमन प्रतिवेदन समेत ।
५. सम्पूर्ण सदस्यहरुको नागरिताको प्रतिलिपि ।

**नोटः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल www.pmamp.gov.np र www.raghugangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ ।

**थप जानकारीको लागिः ९८५७६४८६१०, ९८५७६४८६२४, ९८६९९७८१५७**

२०८०/८/२४

प्रमुख प्रशासकीय अधिकृत